# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।२७ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको ।

---

हेटौंडा सिमेन्ट उद्योग लिमिटेडका बरिष्ठ अधिकृत सातौं तहका मित्रलाल पौडेलको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेकाले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज बरिष्ठ अधिकृत मित्रलाल पौडेलले विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त इन्टरमिडियट तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी बरिष्ठ अधिकृत सातौं तह पदमा बढुवा नियुक्ति लिई लाभ तथा सुविधा समेत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता